# शिवसताक्षी नगरपालिका

# स्थानीय राजपत्र

**भाग २ खण्ड ६ संख्या २ फाल्गुन २०८०**

## नगर स्मार्ट विद्यालयनिर्माण कार्यक्रम सम्बन्धी मापदण्ड, २०८०
## प्रथम संसोधन प्रस्ताव, २०८०

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८०-११-१७**
**प्रमाणिकरण मितिः २०८०-११-२१**

**प्रस्तावना:**

शिवसताक्षी नगरपालिकाको नगर स्मार्ट विद्यालय निर्माण कार्यक्रम सम्बन्धी मापदण्ड, २०८० लाई समय साषेक्ष बनाउन वाञ्छनीय भएकोले शिवसताक्षी नगरपालिका नगरकार्यपालिकाले देहाय बमोजिम सम्सोधन गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो मापदण्डको नाम " नगर स्मार्ट विद्यालय निर्माण कार्यक्रम सम्बन्धी मापदण्ड, २०८०" रहेकोछ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. मापदण्डको दफा ६ को उपदफा (१) पछि देहाएको उपदफा (२) र (३) थप गरिएको छ ।

(२) विद्यालयको शैक्षिक गुणस्तर सुधारका अन्तर्गत ईन्टेरियर सुधार गर्ने क्रममा बाह्य भौतिक संरचना समेत सुधार गर्नेपर्ने आवश्यक भएको भनी संबन्धीत विद्यालय व्यवस्थापन समितिको निर्णय भई आएमा आएमा उक्त प्रस्ताव उपर छनोट समितिको निर्णय बमोजिम विनियोजित बजेट सिमाभित्र निश्चित प्रतिशत बाह्य भौतिक निर्माणमा खर्च गर्न सकिनेछ ।

(३) विद्यालयमा विद्याथिहरुको सहज पहुँचलाइ विस्तार गर्न सम्बन्धीत व्यवस्थापन समितिबाट विद्यार्थी पारबहन व्यवस्थापका लागि निर्णयसहित माग भै आएमा छनोट समितिको निर्णय बमोजिम स्कुल बस खरिद गर्न सकिनेछ ।

**आज्ञाले**
**अमृत बहादुर राई**
**प्रमुख प्रशासकीय अधिकृत**